# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, मंसीर १९ गते २०४६ साल (संख्या ३३


## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना १

**प्रतिलिपि अधिकार नियमावली, २०४६**

प्रतिलिपि अधिकार ऐन, २०२२ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यी नियमहरूको नाम "प्रतिलिपि अधिकार नियमावली, २०४६" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

२.१.१ "ऐन" भन्नाले प्रतिलिपि अधिकार ऐन, २०२२ सम्झनुपर्छ ।

२.१.२ "दर्ता किताब" भन्नाले प्रतिलिपि अधिकार दर्ता गर्न ऐनको दफा ७ को उप-दफा (१) बमोजिम रजिष्ट्रारको कार्यालयमा राखिएको दर्ता किताब सम्झनुपर्छ ।

३. प्रतिलिपि अधिकारको दर्ता तथा प्रमाणपत्रः

३.१ ऐनको दफा ३ को उपदफा (२) बमोजिम अधिकार प्राप्त व्यक्तिले कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउन चाहेमा आफ्नो सबूद प्रमाण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहित पाँच रूपैयाँ दस्तूर राखी अनुसूची–१ बमोजिमको ढाँचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा समय समयमा समितिले तोकिदिएबमोजिमको संख्यामा सम्बन्धित रचनाको प्रतिलिपि पनि पेश गर्नु पर्नेछ ।

३.२ उप-नियम ३.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले दरखास्तवालाको नाममा प्रतिलिपि अधिकार दर्ता गर्न हुने हो वा होइन भन्ने कुराको आवश्यक जाँचबुझ गरी आवश्यक भए समितिको रायसमेत लिई दर्ता गर्न हुने देखिएमा दर्ता किताबमा दरखास्तवालाको नाममा प्रतिलिपि अधिकार दर्ता गरी पचास रूपैयाँ दस्तूर लिई अनुसूची–२ बमोजिमको ढाँचामा दरखास्तवालालाई त्यसको प्रमाणपत्र दिनु पर्नेछ ।

३.३ उप-नियम ३.२ बमोजिम प्रतिलिपि अधिकार दर्ता हुन नसक्ने भएमा रजिष्ट्रारले सो कुरा खुलाई दरखास्तवालालाई लिखित सूचना दिनु पर्नेछ ।

४. निरीक्षण गर्न वा नक्कल लिन सक्नेः

४.१ कुनै व्यक्तिले दर्ता किताबमा रहेको कुनै विषय वा त्यसको कुनै अंशको नक्कल लिन वा निरीक्षण गर्न चाहेमा अनुसूची–३ बमोजिमको ढाँचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

४.२ उप-नियम ४.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले उपयुक्त देखेमा दश रूपैयाँ दस्तूर लिई नक्कल दिन वा निरीक्षण गर्न दिन सक्नेछ ।

५. दर्ता किताबमा सच्याउनेः

५.१ देहायको अवस्थामा रजिष्ट्रारले दर्ता किताबमा लेखिएको कुनै नाम, ठगाना वा विवरण वा अन्य कुराहरू कैफियत जनाई सच्याउन सक्नेछः–

५.१.१ रचयिताको नाम, ठेगाना फरक परेमा,

५.१.२ रचनाको प्रकाशकको नाम फरक परेमा वा फेरिएमा,

५.१.३ रचनाको मुद्रकको नाम फरक परेमा वा फेरिएमा,

५.१.४ रचयिताको आफ्नो रचना उपरको प्रतिलिपि अधिकार अरूलाई हस्तान्तरण गरेको सूचना प्राप्त भएमा ।

६. प्रतिलिपि अधिकार हस्तान्तरण भएमा दर्तावालाको नाम खारेज गरी हालवालाको नाममा दर्ता गर्नु पर्नेः ऐनको दफा ५ को उपदफा (१) बमोजिम कुनै प्रतिलिपि अधिकारको हस्तान्तरणसम्बन्धी सूचना प्राप्त भएमा रजिष्ट्रारले पचास रूपैयाँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर लिई दर्ता किताबमा साबिक दर्तावालाको नाम खारेज गरी हालवालाको नाम दर्ता गरिदिनु पर्नेछ ।

७. रचनाको नेपालीमा अनुवाद गरी प्रकाशन गर्न इजाजत दिने:

७.१ ऐनको दफा १२ को उप-दफा (१) को खण्ड (क) र (ख) बमोजिमको अवस्थाहरूमा कसैले प्रतिलिपि अधिकार दर्ता भएको कुनै रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न इजाजत लिन चाहेमा ऐनको दफा १२ को उप-दफा (४) बमोजिम राख्नु पर्ने धरौटसहित अनुसूची-४ बमोजिमको ढांचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

७.२ उप-नियम ७.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले त्यस्तो रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न उपयुक्त देखेमा दरखास्तवालालाई इजाजतपत्र दिन सक्नेछ ।

८. समितिको काम, कर्तव्य र अधिकार:

८.१ ऐनको दफा २६ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

८.१.१ कुनै रचना वा रचनाको पाण्डुलिपिको विषयमा उठेका समस्याका बुंदाहरूमा छलफल गरी निर्णय दिने ।

८.१.२ प्रतिलिपि अधिकारसम्बन्धी विषयमा उठेका प्रश्नहरूको निराकरण गर्ने ।

८.१.३ प्रतिलिपि अधिकारको तेरो मेरो सम्बन्धी विवादको निर्णय गर्ने ।

८.१.४ प्रतिलिपि अधिकार चोरीसम्बन्धी वादविवादको निर्णय गर्ने ।

८.१.५ कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउन चाहने व्यक्तिले पेश गर्नुपर्ने सम्बन्धित रचनाको प्रतिलिपिको संख्या निर्धारण गर्ने ।

८.१.६ ऐन तथा यस नियमावलीबमोजिम काम कारवाही गर्दा आाई पर्ने समस्याहरूको समाधान गर्ने, र

८.१.७ श्री ५ को सरकारले तोकिदिएको अन्य काम गर्ने ।

९. समितिको बैठकको सञ्चालन:

९.१ साधारणतया समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

९.२ समितिको बैठक बोलाउन उचित कारण देखाई समितिका सम्पूर्ण सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संख्याको बीस प्रतिशत सदस्यहरूले लिखित आवेदन दिएमा त्यस्तो आवेदन परेको महीना दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

९.३ समितिको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट तोकेको सदस्यले गर्नेछ ।

९.४ समितिको बैठक बोलाउँदा समितिका सदस्यहरूलाई बैठक बस्ने मिति, समय, स्थान तथा छलफलको विषय खोली रजिष्ट्रारले लिखित सूचना पठाउनु पर्नेछ ।

९.५ समितिको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई सदस्यहरू उपस्थित नभ समितिको बैठक बस्न सक्ने छैन । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्ट अर्को बैठक बोलाइनेछ र सो बैठकमा समितिको सम्पूर्ण सदस्यको आधा सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

९.६ समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

१०. अनुसूचीमा हेरफेर गर्न सक्नेः श्री ५ को सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची–१

(उप-नियम ३.१ संग सम्बन्धित)

### प्रतिलिपि अधिकार दर्ताको लागि दिइने दरखास्त

श्री रजिष्ट्रार,
रजिष्ट्रारको कार्यालय,
... ... ... ... ।

महोदय,

प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिम निम्न लेखिएबमोजिमको रचनाको प्रतिलिपि अधिकार दर्ता गर्नको लागि आफ्नो सबूद प्रमाण सहित उक्त रचनाको ... ... ... प्रति संलग्न राखी यो दरखास्त पेश गरेको छु । लेखिएको व्यहोरामा कुन कुरा झुट्टा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

१. रचयिताको नाम र ठेगानाः

२. रचनाको नामः

३. भाषाः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. प्रकाशन मितिः
५. प्रकाशन संख्याः
६. प्रकाशक वा निर्माताको नाम र ठेगानाः
७. मूल्यः
८. मुद्रकः
९. पृष्ठः
१०. साइजः
मितिः–

दरखास्तवाला,
दस्तखतः
नामः
ठेगानाः

अनुसूची–२
(उप-नियम ३.२ संग सम्बन्धित)
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
रजिष्ट्रारको कार्यालय

... ... ... ... ... ... ... ... ...

प्रमाणपत्र संख्याः

प्रतिलिपि अधिकार दर्ताको प्रमाणपत्र

प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिम निम्न लेखिएबमोजिमको रचनाको प्रतिलिपि अधिकार ... ... ... ... ... ... ... ... ... मा बस्ने श्री ... ... ... ... ... ... ... ... ... ...को नाममा सम्वत् २० ... साल महीना ... ... ... ... गते रोज... ... मा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. रचयिताको नाम र ठेगानाः
२. रचनाको नामः
३. भाषाः
४. प्रकाशन मितिः
५. प्रकाशन संख्याः
६. प्रकाशक वा निर्माताको नाम र ठेगानाः
७. मूल्यः
८. मुद्रकः
९. पृष्ठः
१०. साइजः

रजिष्ट्रार

मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
322

अनुसूची–३
(उप-नियम ४.१ संग सम्बन्धित)

श्री रजिष्ट्रार,
रजिष्ट्रारको कार्यालय,
... ... ....... ।

विषय:– नक्कल लिन । निरीक्षण गर्न पाउँ ।

महोदय,

दर्ता किताबमा रहेको ... ... ... ... ... ... विषय वा त्यसको ... .......... अंशको नक्कल लिन । निरीक्षण गर्न आवश्यक भएकोले यो दरखास्त पेश गरेको छु । नक्कल लिन्ने । निरीक्षण गर्ने अनुमति पाउँ ।

दरखास्तवाला,
दस्तखतः
नामः
ठेगानाः

मितिः–

अनुसूची–४
(उप-नियम ७.१ संग सम्बन्धित)

श्री रजिष्ट्रार,
रजिष्ट्रारको कार्यालय,
... ... ... ... । 

विषय- नेपाली भाषामा अनुवाद गरी काशन गर्न इजाजत पाउँ ।

महोदय,

निम्न लेखिएबमोजिमको रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने इच्छा भएकाले धरौटी रकम रू. ............... सहित यो दरखास्त पेश गरेको छु । उल्लेखित रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने इजाजत पाउँ ।

१. रचयिताको नाम र ठेगानाः
२. रचनाको नामः
३. भाषाः
४. प्रकाशन मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. प्रकाशन संख्याः
६. प्रकाशक वा निर्माताको नाम र ठेगानाः
७. मूल्यः
८. मुद्रकः
९. पृष्ठः
१०. साइजः
११. अनुवादकर्ताको नाम र ठेगानाः
१२. प्रकाशकको नाम र ठेगानाः
१३. पहिले अनुवाद भै प्रकाशन भए नभएको।
१४. अनुवाद भए कुन मितिमा भएकोः
१५. अनुवाद गरी प्रकाशन गर्नुपर्नाको कारणः
१६. मूल्यः
१७. मुद्रकः
१८. पृष्ठः
१९. साइजः

दरखास्तवाला,
दस्तखतः
नामः
ठेगानाः

## सूचना २

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०४६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः

१.१.१ यी नियमहरूको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०४६" रहेको छ ।

१.१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ परिभाषाः

१.२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

१.२.१.१ "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
३२६